कोन्ज्योसोम गाउँपालिकाको  गाउँसभाको १२ औ अधिवेशन २०८० साल आषाढ १० गते आईतबार

गाउँपालिकाका उपाध्यक्ष श्री राजन प्रसाद घिमिरे द्धारा

प्रस्तुत

# आर्थिक वर्ष २०८०/०८१ को बजेट बक्तव्य

कोन्ज्योसोम गाउँपालिका

चौघरे, ललितपुर

२०८०

**www.konjyosommun.gov.np**

**गाउँसभाका अध्यक्ष महोदय,**

१. नेपालको संविधानले प्रदान गरेको संवैधानिक अधिकारको प्रयोग गर्दै यस गाउँपालिकाको गाउँसभा समक्ष आ.व. २०८०/८१ को अनुमानित आय/व्ययको विवरण पेश गर्न पाउँदा मैले गौरवको अनुभूती गरेको छु । नेपालको संघिय संरचना अन्तर्गत जनतासँग नजिकबाट प्रत्यक्ष सरोकार राख्ने स्थानीय सरकारको महत्व, भूमिका र औचित्य सम्पुर्ण गाउँबासिमा बोध गराउने सुखद समयलाई स्मरण गर्न चाहन्छु । यस गौरबमय अवसरमा विभिन्न सशस्त्र संघर्ष तथा लोकतान्त्रिक आन्दोलन मार्फत नेपालको नया संविधान र संघीय संरचना स्थापनार्थ जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइते, अपाङ्गता भएका तथा वेपत्ता पारिएका नागरिकहरुप्रति उच्च सम्मान र आदर प्रकट गर्दछु ।

२. नेपालको संविधानले नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मार्फत समाजवाद उन्मुख राज्य व्यवस्थाको परिकल्पना गर्दै दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाँक्षा पुरा गर्ने लक्ष्य लिएको छ । सोही लक्ष्य प्राप्तिका लागि यस कोन्ज्योसोम गाउँपालिका सधै क्रियाशिल रहनेछ । साथै हाम्रो दिर्घकालिन सोच **"कृषि, पर्यटन, सस्कृति, वातावरण र पूर्वाधार : सुशासनयुक्त, सभ्य र समृद्ध कोन्ज्योसोमको आधार"** लाई आत्मसाथ गर्दै यस गाउँपालिका क्षेत्रलाई नेपालकै एक नमुना, सभ्य, सुशासनयुक्त, शान्त, समुन्नत र जीवन्त गाउँपालिकाको रुपमा विकास गरीने छ ।

३. यस सम्मानित सभामा बजेट तथा कार्यक्रमहरु प्रस्ताव गर्दा नेपालको संविधानले निर्देशित गरेको स्थानीय सरकारको काम, कर्तव्य तथा अधिकार, स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, २०७४ मा भएको व्यवस्था, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको व्यवस्था, संघीय र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदान, राजश्व बाँडफाँडको सिलिङ्ग सहितको मार्गदर्शन, गाँउपालिकाका विभिन्न विषयगत समिति तथा वडा भेलाका क्रममा आम गाउँबासीहरुबाट आएका सल्लाह र सुझाव तथा आजै केहि समय अगाडि यस गाउँसभा समक्ष पेश भएको आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमलाई मुख्य मार्ग दर्शनको रुपमा लिइएको छ ।

**सभा अध्यक्ष महोदय,**

४. चालु आर्थिक वर्ष २०७९/०८० मा यस स्थानीय सरकारले यसै सभा समक्ष रु. **४० करोड २६ लाख ०३ हजार (संसोधित)** को आय व्ययको विवरण पेश गरेको थियो । जसमा **चालु तर्फ २४ करोड ३६ लाख ५० हजार र पूँजिगत तर्फ रु. १५ करोड ८९ लाख ५३ हजार** विनियोजन भएकोमा **२०८० साल असार ९ गते सम्मको तथ्याङ्क अनुसार चालु तर्फ रु. १६ करोड ९५ लाख ३२ हजार अर्थात विनियोजनको ६९.५८ प्रतिशत र पूँजीगत तर्फ रु. ९ करोड ३४ लाख १५ हजार अर्थात विनियोजनको ५८.७६ प्रतिशत खर्च भएको देखिन्छ** । जसमा गाउँपालिकाका

केही महत्वपूर्ण आयोजनाहरु जस्तै :**कोन्ज्योसोम प्रतिमा निर्माण आयोजना सम्पन्न भैसकेको तथा प्रतिमा गार्डेन तथा रिँगरोड स्तरउन्नतिको कार्य सँचालनमा रहेको, कालोपानि भुमिथुम्का लिफ्टीङ खानेपानी आयोजना , भारदेउ खानेपानी आयोजना , एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम अन्तर्गत शंखुमा १० शैयाको सुविधासम्पन्न अस्पताल निर्माण आयोजनाको काम भैरहेको, लामदुवाली ठोस्नेखोला नदि नियन्त्रण, , खत्रिडाँडा शँखु मोटरबाटो स्तरउन्नति, कान्छाकाजि सिकारीको घर देखि वातिसोङ हुँदै वासुकि सम्मको सडक स्तर उन्नति, नल्लु भञ्ज्याङ्ग गुम्बा निर्माण, गुप्तेश्वर आ वि भवन निर्माण ल**गायत ठुला तथा यस गाउँपालिका भित्रका अधिकांश साना आयोजनाहरुको निर्माण कार्य सम्पन्न भई भुक्तानी समेत भइसकेको विषयलाई यस सम्मानित सभा समक्ष अवगत गराउन चाहन्छु ।

५. त्यसै गरी यस गाउँपालिकाको **आगामी आर्थिक बर्ष २०८०/०८१** को बार्षिक बजेटको लागि नेपाल सरकारको वित्तिय समानिकरण अनुदानबाट **रु. ७ करोड,** प्रदेश सरकारको वित्तिय समनिकरण अनुदानबाट **रु.५३ लाख ०९ हजार,** नेपाल सरकारको राजस्व बाँडफाँडबाट **रु. ४ करोड ९२ लाख,** प्रदेश सरकारको राजस्व बाँडफाँडबाट **रु. १ करोड ३६ लाख** , नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदानबाट **रु. १५ करोड ३६ लाख,** प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदानबाट **रु. १ करोड ८१ लाख २२ हजार,** नेपाल सरकारबाट प्राप्त विशेष अनुदानबाट रकम **रु. २ करोड २५ लाख,** प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदानबाट **रु. ९० लाख,** नेपाल सरकारबाट प्राप्त समपुरक अनुदान रु **५० लाख**, प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदानबाट **रु. १ करोड,** एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम अन्तर्गत शंखुमा १० शैयाको सुविधासम्पन्न अस्पताल निर्माणमा **रु ७ करोड,** सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रममा **रु ३ करोड** , अन्य स्थानिय तहबाट प्राप्त हुने अनुदान **रु ४० लाख,** जिल्ला समन्वय समितिबाट प्राप्त हुने अनुदान **रु २ करोड ०९ लाख,** आन्तरिक आय **रु.१ करोड ५५ लाख,** चालु आ.व.बाट हस्तान्तरित हुने अनुमानित नगद मौज्दात (अ.ल्या.) **रु. १ करोड ५० लाख ,गरी** गरी कुल **रु. ५१ करोड १७ लाख ३१ हजार** बराबरको अनुमानित आय प्रस्तुत गरेको छु । **यस मध्ये** पुर्वाधार विकास तर्फ **रु.१६ करोड ९९ लाख ४० हजार (समपुरक कोष, जिसस बाट प्राप्त योजना, शंखु अस्पताल निर्माण सहित**), सामाजिक विकास तर्फ **रु. १ करोड ६० लाख,** आर्थिक विकास तर्फ **रु. ४७ लाख,** वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ **रु. १५ लाख,** सुशासन तथा संस्थागत क्षमता विकास तर्फ **रु. ६ करोड ९९ लाख ८९ हजार** तथा नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष अनुदान, तथा सामाजिक सुरक्षा भत्तालाई सोही अनुरुप विनियोजन हुने गरी सम्मानित सभा समक्ष पेश गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

अव म आगामी आ.व. का लागि प्रस्ताव गरिएका प्रमुख आयोजना तथा कार्यक्रमहरुको बारेमा विषयगत रुपमा प्रस्तुत गर्न चाहन्छु ।

**भौतिक पूर्वाधार विकास तर्फ :**

१. यस गाउँपालिकाको प्रथम पञ्च बर्षीय योजनाले तय गरेको दिर्घकालिन सोच "**कृषि, पर्यटन, सस्कृति, वातावरण र पूर्वाधार : सुशासनयुक्त, सभ्य र समृद्ध कोन्ज्योसोमको आधार**" लाई सार्थक बनाउन तथा समृद्ध तथा समुन्नत कोन्ज्योसोम निर्माणका लागि बहुआयामिक विकासको थालनी गर्ने गरी पर्याप्त बजेटको विनियोजन गरेको छु ।

२. गाउँपालिकाका सबै क्षेत्रको सन्तुलित विकासका लागि निर्धारण गरिएका **गाउँ गौरवका** आयोजनाहरु **शंखुमा १० शैयाको सुविधासम्पन्न अस्पताल (क्रमागत), कालो पानी भुमीथुम्का लिफ्टीङ खानेपानी आयोजना (क्रमागत), कोन्ज्योसोम प्रतिमा गार्डेन तथा रिंग रोड स्तरोन्नति, (क्रमागत), नल्लु वातिस्योङ पुल देखि भारदेउको कान्छाकाजी शिकारीको घर अगाडी जोड्ने मोटरबाटो निर्माण (क्रमागत योजना), मविर गुर्दुमथुम लिफ्टिङ खानेपानि योजना ( क्रमागत), मगरगाँउ मा वि प्राविधिक शिक्षालय छात्रावास निर्माण, भेडेखर्क फुलबारी डाँडा खानेपानि आयोजना भारदेउ (क्रमागत),, बरबोट सिलिँगे खानेपानि योजना दलचोकि, गाँउपालिकाको विकास निर्माण तथा बर्षातको समय तथा अन्य समयमा पालिकाभित्रका सडकहरुलाई सुचारु गर्नको लागि व्याक हो लोडर (BackHoe Loader ) खरीद** लगायतका योजनाहरुका लागि पर्याप्त बजेट विनियोजन गरिएको छ । त्यस्तै गाउँबस्ति स्तरबाट संकलन भई आएका वडा स्तरका योजनाहरु तथा वडाबाट गाउँपालिकामा माग भई आएका पूर्वाधार विकास तर्फका महत्वपुर्ण आयोजनाहरुको निर्माणका लागि पूर्वाधार विकास तर्फ जम्मा **रु.१६ करोड ९९ लाख ४० हजार (समपुरक कोष सहित)** विनियोजन गरेको छु ।

३. गाउँपालिका भित्र विकास गरिने महत्वपुर्ण भौतिक पूर्वाधार निर्माणका लागि प्रारम्भमै आवश्यक पर्ने प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) र विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारीका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**आर्थिक विकास तर्फ :**

४. बैदेशिक रोजगारबाट फर्केका र रोजगारीको अवसरबाट बञ्चित यस पालिकाभित्रका बेरोजगार युवा तथा कृषकहरुलाई कृषि तथा पशुपालनको क्षेत्रमा आकर्षित गरी स्वरोजगार सिर्जना गर्न तथा गाउँपालिकाको विकासको प्रमुख आधारको रुपमा रहेको कृषि तथा पशुपक्षी क्षेत्रको

आधुनिकरण, व्यवसायिकरण र बजारीकरण गर्न कृषि विकास कार्यक्रमका लागि **रु. ११ लाख** रकम विनियोजन गरेको छु ।

५ पशु बिमा प्रिमियममा ५० प्रतिशत अनुदान, पशु खोप कार्यक्रम, पशु शिविर कार्यक्रम, महामारी रोग नियन्त्रण तथा आन्तरिक परजिवि नियन्त्रण लगायतका पशु विकास कार्यक्रमका लागि रु **३१ लाख** रकम बिनियोजन गरेको छु ।

६ आन्तरीक तथा बाह्य पर्यटक आकर्षित गरी यस गाँउपालिकालाई "पर्यटन हब" को रुपमा चिनाउन पर्यटन प्रवर्द्धन कार्यक्रममा आवश्यक बजेट बिनियोजन गरेको छु ।

**सामाजिक विकास तर्फ :**

७. प्रविधिमा आधारित Digital Education को शुरुवात गर्न, माध्यमिक तह सम्मको शिक्षालाई निशुल्क बनाउने गाउपालिकाको योजनालाई सहयोग पुऱ्याउन, विद्यालय शिक्षामा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न ICT ल्याब, विज्ञान प्रयोगशाला र विषयगत प्रयोगशाला स्थापना गर्ने, विद्यालयमा कार्यरत बालबिकास सहयोगी कार्यकर्ता र कर्मचारीहरुका लागि प्रोत्साहन स्वरुप थप पारिश्रमिक सहित शिक्षा विकास तर्फ जम्मा **रु.१ करोड १० लाख** रकम विनियोजन गरेको छु ।

८. यस गाउँपालिकामा सञ्चालित एक मात्र प्राविधिक विद्यालयलाई सुविधा सम्पन्न गराउन आवश्यक भौतिक पूर्वाधारको विकास गरी विभिन्न गाउँबाट अध्ययनका लागि आउने छात्र-छात्राहरुको लागि छात्राबास निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९. शिक्षामा सबै नागरिकहरुको समान पहुँचलाई वृद्धि गर्न, आफ्नै गाउँमा प्राविधिक र अप्राविधिक दक्ष जनशक्तिको उत्पादन तथा विकास गर्न र गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई कार्यविधि तथा मापदण्डमा आधारित भई निश्चित रकम छात्रवृत्ति प्रदान गर्न छात्रवृत्ति कोषको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१०. व्यक्तिको शारीरिक तथा मानसिक विकासमा खेलकुदको अतुलनीय योगदान रहेको सन्दर्भमा यस क्षेत्रको विकास मार्फत व्यक्तिलाई अनुशासित र मर्यादित बनाउदै खेलाडीलाई खेल प्रति प्रोत्साहित गर्न खेलाडीलाई सम्मान तथा पुरस्कार र युवा तथा खेलकुद परिषद मार्फत खेलकुद सम्बन्धि विभिन्न कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

११. वाङ्मय प्रतिष्ठान ऐन, २०७९ अनुसार भाषा, सँस्कृति, कला, साहित्यको संरक्षण र प्रवर्द्धन गर्नको लागि वाङ्मय प्रतिष्ठान द्धारा सञ्चालन हुने विभिन्न कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१२. लैंगिक हिंसा न्युनिकरण, महिलाहरुको सशक्तिकरण, महिला उद्यमशिलताको विकास, महिलाहरुको नेतृत्व तथा क्षमता विकास, जेष्ठ नागरिकहरुको सम्मान र संरक्षण, बालबालिकाहरुको संरक्षण तथा दलित लक्षित कार्यक्रमका लागि जम्मा **रु. २० लाख** रकम विनियोजन गरेको छु ।

१३. आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच र सुनिश्चितताका लागि गाउँपालिका भित्रका स्वास्थ्य सँस्थाले दिदै आएको सेवालाई थप प्रभावकारी बनाउन मुटु, मृगौला, क्यान्सर लगायतका घातक रोगका विरामीहरुलाई यथासक्य सहयोग गर्न, महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन स्वरुप यातायात खर्च उपलब्ध गराउन, आयुर्वेद चिकित्सा पद्धती, ध्यान र योगलाई स्वास्थ्य उपचारको सहयोगी माध्यम बनाउन, गाँउपालिकाले नि:शुल्क रुपमा प्रदान गर्दै आएका औषधि वितरणको कार्यलाई निरन्तरता दिन लगायतका कार्यक्रमको लागि **रु ३० लाख** विनियोजन गरेको छु ।

१४. **बच्चा जोखौ नून बोकौ** भन्ने नाराका साथ पोषण वृद्धि प्रोत्साहन कार्यक्रम, सुत्केरी आमा भेटमा पौष्टिक आहार कार्यक्रम र अति अशक्त अपाङ्गताका लागि निशुल्क स्वास्थ्य विमा कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१५. गाँउपालिमा संचालनमा रहेको एम्बुलेन्स सेवा, बर्थिङ सेन्टर तथा स्वास्थ्य चौकिहरुबाट प्रदान गरिदै आएको स्वास्थ्य सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक बजेटको बिनियोजन गरेको छु ।

१६. यस गाँउपालिका भित्र रहेका दलित र अपाङ्गता भएका बालबालिकाहरुको संरक्षण र विकासको लागि लुनिभा र पाटन सिविआर मार्फत रु **२४ लाख ७० हजार ५००** तथा स्वास्थ्य, शिक्षाको विकास गरी पालिकाकाको सामाजिक क्षेत्रमा योगदान गर्न लेले सामुदायिक विकास केन्द्र मार्फत रु **१५ लाख ३० हजार २२५** बजेट बिनियोजन गरेको छु ।

**वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ :**

१७. भूसंरक्षण, जलाधार व्यवस्थापन, जल उत्पन्न न्युनिकरणका कार्यक्रमहरु प्रभावकारीरुपमा कार्यान्वयन गर्न, विपद जोखिम न्युनिकरण गर्न, तथा गाउँपालिका भित्र रहेका सामुदायिक

वनहरुलाइ संरक्षण, संवर्द्धन तथा व्यवस्थित गर्दै त्यस्ता वन क्षत्रहरुमा जडिवुटी, गैरकाष्ठ वन पैदावार र आय आर्जनका विविध कार्यक्रमहरु सञ्चालन गर्न विपद व्यवस्थापन गर्न **रु. १५ लाख** रकम विनियोजन गरेको छु ।

१८. बाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी जस्ता विभिन्न प्रकारका प्राकृतिक प्रकोपबाट प्रभावित नागरिकलाई तत्काल राहत दिन, प्राकृतिक प्रकोपबाट हुने क्षति न्युनिकरण गर्न विपद व्यवस्थापनकोषमार्फत विपद व्यवस्थापन कार्यको लागी **आवश्यक** बजेट विनियोजन गरेको छु ।

**सुशासन तथा संस्थागत विकास तर्फ :**

१९. निर्वाचित जनप्रतिनिधिहरुको नेतृत्व क्षमता विकास गर्न, कर्मचारीहरुको प्रशासनिक तथा सेवा प्रवाह क्षमतामा वृद्धि गरी सेवा प्रवाहलाई छिटो, छरितो, व्यवस्थित, मुस्कान सहितको र प्रविधि मैत्री बनाउने कार्यलाई सहयोग पुऱ्याउन आवश्यक पर्ने रकमको विनियोजन गरेको छु ।

२०. सेवा प्रदायकलाई जनताप्रति उत्तरदायि, पारदर्शि, जवाफदेही बनाउन, आन्तरीक नियन्त्रण प्रणाली लागु गरी बेरुजु न्युनिकरण गर्न, कर्मचारीको दक्षता अभिवृद्धि गर्न लगायतको कार्यको लागी आवश्यक पर्ने रकमको विनियोजन गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

अव म आगामी आ.व. २०८०/०८१ को अनुमानित आय र व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

आ व २०८०/८१ को एकिकृत आय व्यय रु

| **आय** | | **ब्यय** | |
|---|---|---|---|
| ***विवरण*** | रकम | | रकम |
| संघ समानिकरण अनुदान | ७ करोड | संघ सशर्त अनुदान | १५ करोड ३६ लाख |
| संघ सशर्त अनुदान | १५ करोड ३६ लाख | संघ समपुरक अनुदान | ५० लाख |
| संघ विशेष अनुदान | २ करोड २५ लाख | संघ विशेष अनुदान | २ करोड २५ लाख |
| संघ समपुरक अनुदान | ५० लाख | प्रदेश सशर्त अनुदान | १ करोड ८१ लाख २२ हजार |
| प्रदेश समानिकरण अनुदान | ५३ लाख ९ हजार | प्रदेश समपुरक अनुदान | १ करोड |
| प्रदेश सशर्त अनुदान | १ करोड ८१ लाख २२ हजार | प्रदेश विशेष अनुदान | ९० लाख |
| प्रदेश विशेष अनुदान | ९० लाख | वडागत पुजिगत खर्च | २ करोड ३ लाख |
| प्रदेश समपुरक अनुदान | १ करोड | पालिकाको समपुरक योगदान | २ करोड ७२ लाख |
| शंखु अस्पताल ( क्रमागत योजना) | ७ करोड | शंखु अस्पताल ( क्रमागत योजना) | ७ करोड |
| सामाजिक सुरक्षा | ३ करोड | सामाजिक सुरक्षा | ३ करोड |
| आन्तरिक राजस्व | १ करोड ५५ लाख | विपद कोष | ५ लाख |
| अन्य स्थानिय तहबाट प्राप्त अनुदान | ४० लाख | मर्मत संभारकोष | ५ लाख |
| जिसस बाट प्राप्त रकम | २ करोड ९ लाख | शिक्षा | १ करोड १० लाख |
| संघ राजस्व बाँडफाँड | ४ करोड ९२ लाख | स्वास्थ्य | ३० लाख |

| | | | |
|---|---|---|---|
| प्रदेश राजस्व बाँडफाँड | १ करोड ३६ लाख | महिला बालबालिका तथा सामाजिक सुरक्षा | २० लाख |
| अल्या रकम | १ करोड ५० लाख | कृषि | ११ लाख |
| | | पशु | ३१ लाख |
| | | न्यायिक समिति | ३ लाख ७० हजार |
| | | सहकारी | ३ लाख |
| | | पर्यटन | २ लाख |
| | | वन तथा बाताबरण | १० लाख |
| | | गाँउ स्तरीय योजना | ३ करोड २८ लाख ५० हजार |
| | | सुशासन तथा संस्थागत विकास | ६ करोड ९१ लाख ८९ हजार |
| | | जिसस बाट प्राप्त योजना | २ करोड ९ लाख |
| **जम्मा** | **५१ करोड १७ लाख ३१ हजार** | **जम्मा** | **५१ करोड १७ लाख ३१ हजार** |

२१. प्रस्तुत वजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने गाउँपालिकाका अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमाको क्रममा सहयोग गर्नुहुने विषयगत समितिका पदाधिकारीहरु, गाउँसभाका सदस्यहरुलाई धन्यवाद दिन चाहन्छु । बजेटका सिद्धान्त र प्राथमिकता माथि रचनात्मक सुझाव दिनुहुने सबै राजनीतिक दल, स्थानीय बुद्धिजीवि, नागरिक समाज, नीजि क्षेत्र, सञ्चार जगत एवम् सरोकारवाला सबैलाई विशेष धन्यवाद दिन चाहन्छु र बजेट निर्माणका क्रममा नीतिगत तथा कानुनी र प्रशासनिक कार्यमा अहोरात्र खटिई सहयोग गर्नुहुने राष्ट्रसेवक कर्मचारीहरुलाई समेत धन्यवाद दिन चाहन्छु ।

२२ अन्तमा, बजेट कार्यान्वयनमा सरोकारवाला सबैको सहयोगको अपेक्षा राख्दै **"कृषि, पर्यटन, संस्कृति, वातवारण र पूर्वाधारः सुशासन युक्त, सभ्य र समृद्ध कोन्ज्योसोमको आधार"** भन्ने गाउँपालिकाको दिर्घकालीन सोचलाई साकार पार्ने कार्यमा यहाँहरु सबैलाई योगदान गर्न आह्वान गर्दछु ।

**धन्यवाद ।**